नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :........................

## प्रेस विज्ञप्ति

आज मिति २०७५/०२/२५ गतेका दिन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटले परिलक्षित गरेका उद्देश्यहरू हाँसिल गर्न अवलम्बन गर्नु पर्ने कार्य शैली तथा प्रारूपको विषयमा माननीय उपप्रधान मन्त्रीज्यूहरू, माननीय मन्त्रीज्यूहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू र सदस्यज्यूहरू र नेपाल सरकारका सचिवज्यूहरूलाई निर्देशन दिने कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले अहिले हामी विशेष परिस्थितिमा रहेको, हामीसँग अहिले संघीयता, गणतन्त्र, स्थायित्व सबै भएको र हामीलाई अब कुनै किसिमको क्षमा (excuse) को ठाउँ नभएकोले जनताले हामीबाट गरेका विशेष अपेक्षा र जनताको आवश्यकता पुरा गर्न अब हामीले गम्भीर भएर आवश्यकता अनुसार दृढ कदम, सही र दीर्घकालीन सोच अनुरूप कार्य गर्नुपर्ने र समग्र राष्ट्रिय परिस्थिति अनुरूपको आएको यो नीति तथा कार्यक्रम र बजेटलाई योजनाबद्ध र प्रभावकारी ढंगले कार्यान्वयन गरी प्रतिफल ल्याउनु पर्ने निर्देशन दिनु भयो ।

अब विकासको पुरानो शैली, नियमित प्रक्रियाबाट भन्दा विकासको अठोट र दृष्टिकोण समयानुकूल बनाउँदै नयाँ सोच र नयाँ ढंगले कार्य गर्नु पर्ने र यसको लागि Innovative तरीका, आधुनिक तरीका अवलम्बन गरी जनतालाई काममा उत्प्रेरित गर्दै आय आर्जनका तरीका सिकाउने विधि निकाल्नु पर्ने विषयमा जोड दिनु भयो। प्रत्येक मन्त्रालयले नीति कार्यक्रम र बजेटका उद्देश्यहरू योजनाबद्ध र Innovative शैलीमा पुरा गर्न कार्यान्वयन कार्य योजना बनाई असार १५ गते भित्र मुख्य सचिवज्यू समक्ष पेश गर्ने। आगामि असार २५ गते हुने यस्तै प्रकारको कार्यक्रममा सम्बन्धित मन्त्रालयका सचिवज्यूहरूले Innovative Implementation of Policy and Program को प्रस्तुति तयार गरी छलफल गरिने निर्देशन सहित कार्यक्रम सम्पन्न भयो ।

२०७५ जेठ २५ गते

बिनोदबहादुर कुँवर
सह-सचिव / प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np